Pittsburgh Public Schools
Students first
Always, in all ways.

Dr. Rodney Necciai
Assistant Superintendent,
Student Support Services

341 South Bellefield Avenue
Pittsburgh, PA 15213

studentservices@pghschools.org
412-529-3950

मार्च 4, 2024

आदरणीय अभिभावक/परिवारजन,

स्कुल डिस्ट्रिक्टको रूपमा हामीले विद्यार्थीहरूका सामाजिक तथा भावनात्मक आवश्यकताहरू पूरा गरिरहेका छौं भनेर सुनिश्चित गर्नका लागि हामी हाम्रा शिक्षक र कर्मचारीहरू विद्यार्थीहरूसँग जोडिएका छन् भन्ने कुरामा प्राथमिकता दिन्छौं ।

यो वर्ष हामी सामाजिक-भावनात्मक सिकाइ (Social-Emotional Learning, SEL) लाई विद्यार्थीहरूले दैनिक रूपमा अनुभव गर्ने समयतालिका तथा क्रियाकलापहरूमा समायोजित गरिरहेका छौँ हामी स्व-सचेतना, सहकार्य, समानुभूति, अनुकूलनशीलता, एजेन्सी र प्रयोजनका मुख्य सीपहरूमा केन्द्रित रहँदै वेफाइन्डर (Wayfinder) का नयाँ स्रोतसाधनहरू प्रयोग गर्दै छौं ।

हामीले गरिरहेका अर्को महत्त्वपूर्ण कार्य भनेको ग्रेडहरू 3-12 का सबै विद्यार्थीहरूलाई फेरि यो वसन्त ऋतु (मार्च 11-22) मा पनोरमा विद्यार्थी कल्याण तथा SEL सर्वेक्षणको प्रबन्ध मिलाउँदै छौं। यो हामीलाई डिस्ट्रिक्टभरका हाम्रा विद्यार्थीहरूलाई जाँच गर्नमा मद्दत गर्ने विश्वव्यापी परीक्षण उपकरणको रूपमा यस शरद ऋतुमा प्रबन्ध मिलाइएको सर्वेक्षणको फलोअप हो।

सर्वेक्षणलाई तपाईंको बच्चाको स्कुलमार्फत अनलाइनमा भर्न दिइनेछ । सर्वेक्षणले विद्यार्थीहरूलाई उनीहरूको सामाजिक-भावानात्मक सीपहरू र भलाइलगायत सकारात्मक तथा चुनौतीपूर्ण भावनाहरू, भावनामाथि नियन्त्रण, सिकाइ रणनीतिहरू, स्व-प्रभाविकता, स्व-व्यवस्थापन, सहयोगी सम्बन्धहरूसँग सम्बन्धित प्रश्नहरू सोध्ने छौं । तपाईंले सर्वेक्षणको प्रतिलाई अनलाइनमा www.pghschools.org/SEL मा गएर "Panorama Student SEL Survey (पनोरमा विद्यार्थी SEL सर्वेक्षण)" को लिङ्कमा क्लिक गरेर हेर्न सक्नुहुन्छ ।

प्राप्त जानकारीलाई हामीले विद्यार्थीहरूका लागि छलफलहरू गर्न र सहायताको योजना बनाउनका साथसाथै स्कुल तथा डिस्ट्रिक्ट तहमा हामीले गर्ने कार्यमा मार्गनिर्देशन गर्नमा प्रयोग गर्ने छौं । हाम्रा विद्यार्थीहरूको कल्याण निरन्तर रूपमा निरीक्षण गरिरहनका लागि हामीले सर्वेक्षणलाई वसन्त ऋतुमा पुन: प्रबन्ध मिलाउने योजना बनाएका छौँ।

कृपया आफ्नो बच्चालाई पूर्ण इमान्दारिताका साथ जवाफ दिन प्रोत्साहित गर्नुहोस् । यो सर्वेक्षण स्वेच्छिक हो र विद्यार्थीहरू कुनै पनि प्रश्न छोड्न स्वतन्त्र छन् वा उनीहरूले सर्वेक्षण भर्दैनम् भनेर रोज्न पनि सक्छन् । **यदि तपाईं आफ्नो बच्चालाई सर्वेक्षण भर्न दिन चाहनुहुन्न भने कृपया संलग्न गरेर पठाइएको फारामलाई आफ्नो बच्चाको स्कुललाई सोमबार, अक्टोबर 11, 2024 सम्ममा फिर्ता पठाइदिनुहोस् वा आफ्नो बच्चाको शिक्षकलाई फोन वा इमेलद्वारा सूचित गर्नुहोस् ।** यदि सर्वेक्षणका बारेमा तपाईंका प्रश्नहरू छन् भने कृपया आफ्नो बच्चाको प्रिन्सिपललाई सम्पर्क गर्नुहोस् ।

धन्यवाद,

Rodney A. Necciai

डा. रोडनी नेचिआइ (Dr. Rodney Necciai)
सहायक सुपरिटेन्डेन्ट, विद्यार्थी सहायता सेवा

www.pghschools.org
अभिभावक हटलाइन:
412-529-HELP (4357)

पिट्सबर्ग पब्लिक स्कुल्सले आफ्ना कार्यक्रम, क्रियाकलाप वा रोजगारीहरूमा जाति, वर्ण, उमेर, सम्प्रदाय, धर्म, लिङ्ग (लैङ्गिक पहिचान वा अभिव्यक्तीलगायत), यौनिक झुकाव, पुर्खा, राष्ट्रिय मूल, वैवाहिक स्थिति, गर्भावस्था वा अपाङ्गताको आधारमा भेदभाव गर्दैन र तोकिएका युवा समूहहरूमा समान पहुँच उपलब्ध गराउँछ । सोधपुछहरूका लागि Assistant Superintendent of Student Services लाई 341 S. Bellefield Avenue, Pittsburgh, PA 15213 वा (412) 529-HELP (4357) मा सम्पर्क गर्न सकिन्छ ।

**पनोरमा सर्वेक्षणमा सहभागी नहुने फाराम**

यदि तपाईं आफ्नो बच्चालाई पनोरमा सर्वेक्षणमा सहभागी हुन दिन **चाहनुहुन्न** भने कृपया संलग्न गरेर पठाइएको फारामलाई सोमबार, अक्टोबर 11, 2024 सम्ममा फिर्ता पठाइदिनुहोस् । तपाईंले आफ्नो बच्चाको शिक्षकलाई फोन वा इमेलमार्फत पनि सूचित गर्नुहोस् ।

कृपया मेरो बच्चाले पनोरमा विद्यार्थी भलाइ तथा SEL सर्वेक्षण भर्न नपर्ने व्यवस्थाहरू मिलाउनुहोस् ।

विद्यार्थीको नाम: ___________________________________

विद्यार्थीको ग्रेड: __________________________________

अभिभावक/संरक्षकको नाम: ___________________________

मिति: